Symbol No............ Date: 2082-10-23 7:30am 1021'A'

# प्याब्सन
## एसईई प्रि-बोर्ड परीक्षा-२०८२

विषय: अनिवार्य नेपाली पूर्णाङ्क : ७५

समय : ३ घण्टा

*(सफा, स्पष्ट, मौलिक र सिर्जनात्मक उत्तरलाई अङ्क दिँदा बढी प्राथमिकता दिइने छ ।)*

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख'बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् : २**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| अनुशिक्षण | अनौठो, असाधारण |
| प्राज्ञिक | मुहार चित्र |
| प्रोटेट | अतिरिक्त अध्यापन |
| घैया | खेतीपाती |
| | दक्षतासम्बन्धी, प्राज्ञसम्बन्धी |
| | एक प्रकारको धान |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् : २**

भीमसेन थापाले अङ्ग्रेजहरूलाई भनेका थिए, "मलाई सिनो खाने गिद्ध नसम्झ, मवाघको डमरु हुँ ।" यस भनाइमा यति धेरै गम्भीर रहस्य लुकेको छ जति शिवजीको डमरुको शक्तिमा अन्तर्निहित छ । आकाशले त धरामा जल बर्साएर यश कमाइराखेको हुन्छ भने हामी त मान्छे हौँ, त्यसैले केही नयाँ काम गरौँ । समाजमा कीर्ति राखौँ । थोपा थोपा मिलाएर देश बनाऔँ ।

(क)..........................अनेकार्थी शब्द हो ।

(ख) 'आकाश' को विपरीतार्थी शब्द.......... हो ।

(ग) 'यश' को पर्यायवाची शब्द.....................हो ।

(घ)........................लघुतावाची शब्द हो ।

**३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा पारिभाषिक / प्राविधिक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् : २**

हाम्रो शरीरमा थोरै मात्रामा भए पनि लवणको आवश्यकता पर्दछ । माउनमा आँखा फुटेको गोरुले सधैँ हरियो देख्छ भने झैँ एक पटक शरीरमा लवण बढी देखियो भन्दैमा सधैँ खान नै छोड्नु त भएन नि । नुन नपुगेर कुपोषण हुने त होइन तैपनि मेरो कुरामा विश्वास नलागेर ओरालो लागेको मृगलाई बाच्छाले खेदे झैँ खेदेका होऔला तर सत्य कुरा सबैले मान्नै पर्छ ।

**४.(क) तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

(अ) श्मरणिय स्मरणीय स्मरणीए इस्मरणीय

(आ) पंचपात्र पङ्चपात्र पञ्चपात्र पन्चपात्र

**(ख) तल दिइएका वाक्यलाई शुद्ध पारेर लेख्नुहोस् :** २

बुवाआमाले आफ्ना छोराछोरीलाई सम्झाउदै भन्नुभयो, परिक्षा आउन लाग्यो । तिमीहरूमाथी हामीले धेरै आशा राखेका छौँ ।

**५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** ३

ओहो ! तिमी त सुन्दर फूलबारीमा आएर मस्तसँग बसिछ्यौ । अब फूलको माला पनि गाँस ।

**६. (क) तल दिइएको गद्यांशबाट उपसर्ग र प्रत्यय लागेका दुई दुई शब्दहरू पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :** २

नेपाल आमाका सुपुत्रहरूले राष्ट्रको सुरक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । हुन त यो देशमा कुकर्म गर्ने कुपुत्रहरू पनि छन्, तिनको कुरा के गर्ने ! सहरिया र ग्रामीण यी दुवै परिवेशमा नवीन सोच र झगडिया मनस्थिति भएका दुवै थरीका मानिस भेटिन्छन् ।

**(ख) तलको गद्यांशबाट एक एक ओटा समस्त शब्द र विग्रहित अवस्था पहिचान गरी समस्त शब्दको विग्रह र विग्रहित पदावलीको समस्त शब्द लेख्नुहोस् अनि दुईओटा द्वित्व शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :** २

दसैँको नव रात्रिमा नवदुर्गाको पूजा गरिन्छ । पूजाका लागि बनाइएको कोठामा प्रसाद र पञ्चामृत तयार गरिन्छ । त्यो समयमा हामी स्कुलसिस्कुल नगई मिठा मिठा खानेकुरा खाएर आआफ्नै गाउँ र टोलमा रमाउँछौँ ।

७. तल दिइएको अनुच्छेदलाई आवश्यक परिवर्तनसहित अभ्यस्त भूत कालमा परिवर्तन गर्नुहोस् : २

रजनी विद्यालयवाट घर गइन् । धारामा गएर हातमुख धोइन् । उनले खाजा खाइन् । उनी गृहकार्य गर्न वसिन् ।

८. तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् : २

(क) सम्भावनार्थक क्रियापदहरूको प्रयोग गरी चार वाक्यमा आगामी दशकको आफ्नो देशको विकासको सम्भावनाका वारेमा उल्लेख गर्नुहोस् ।

(ख) दिइएका प्रथम पुरुषका वाक्यलाई द्वितीय पुरुषमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

म झुटो बोल्दिनँ । म कसैलाई दुःख दिन्नँ । म परिश्रम गर्छु । म आफ्नो भाग्य आफैं वनाउँछु ।

९. कोष्ठकमा दिइएका निर्देशनका सहायताले वाक्य परिवर्तन गर्नुहोस् : ४

(क) "हामीलाई राहत होइन दिगो सिँचाइ देऊ ।" किसानले सरकारसँग भने । (अप्रत्यक्ष कथन)

(ख) राजनीतिको हुरी चलेर गरिबको घरवार उडायो । (वाक्य विश्लेषण)

(ग) कोठामा सामानहरू छरिएका थिए । (कर्तृवाच्य)

(घ) वहिनी वीरवलको जोक सुनेर हाँस्दै थिई । (प्रेरणार्थक)

१०. तल दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : ४

आमा बैठक कोठामा हुनुहुन्थ्यो । उहाँको हातमा टिभीको रिमोट थियो । दाहिने हातको बुढीऔँलाले किचिक्किचिक पारेर रिमोट थिचिरहनुभएको देखेँ । म एकपटक फिस्स हाँसेँ तर आमा एकपटक अलिकति पनि हाँस्नुभएन । म सरासर सुत्ने कोठामा पसेँ । <u>कपडा परिवर्तन गरेँ, बाथरुम पसेँ र हातमुख धोएर निस्किएँ ।</u> आमाको हातको औँलो अझै टिभीको रिमोट थिच्न व्यस्त थियो । "आमा, रिसाउनुभयो ? आज साथीहरूले साह्रै कर गरे । उनीहरूसँगै बाहिरै जन्मदिन मनाउन बाध्य भएँ, क्षमा गर्नुहोला !" रिमोट समाइरहेको आमाको हात च्याप्प समाएर मैले भनेँ । "तिम्रो जन्मदिन भनेर मैले मिहिनेतले भान्छा तयार गरेँ । आज मात्रै होइन तिमीले धेरै पटक यस्तो गरिसक्यौ ।" आमाका आँखाका परेला पर्लकपर्लक भए । आँसुका ससाना ढिक्का देखिए । आमाले हठात् मेरो <u>हातबाट</u> आफ्नो हात छुटाउनुभयो । रिमोट थिचेर टिभी बन्द गर्नुभयो । कोठामा हामी दुईको सुँक्कसुँक्क टड्कारो सुनियो । त्यसपछि कोठामा निकैबेर शून्यता छायो । विस्तारै

आमाले टाउको उठाउनुभयो । मेरो चिउँडो उचाल्नुभयो । आमाका आँखा भने एकाग्रताका साथ भित्तामा टाँसिएका थिए । भित्तामा हाँसिरहेको फोटो थियो कमलको ।

**प्रश्नहरू :**

(क) अनुच्छेदको रेखाङ्कित वाक्यलाई अकरणमा परिवर्तन गरी लेख्नुहोस् ।

(ख) रेखाङ्कित 'हातबाट' शब्दको कारक र विभक्ति पहिचान गरी नाम लेख्नुहोस् ।

(ग) अनुच्छेदमा प्रयोग भएको अन्तिम वाक्यलाई व्याकरणिक पदक्रममा मिलाएर लेख्नुहोस् ।

(घ) म एकपटक फिस्स हाँसें तर आमा एकपटक अलिकति पनि हाँस्नुभएन । प्रस्तुत वाक्यलाई सरल वाक्यमा परिवर्तन गरी लेख्नुहोस् ।

**११. तल दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :** ४

आफ्नो विश्वास आफैंले गर्न सक्नु नै आत्मविश्वास हो । आत्मविश्वासी व्यक्तिको जीवन सफल हुन्छ । सफलता र आत्मविश्वासका बिचमा नङ र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । जीवनमा आइपर्ने विभिन्न समस्या समाधान गरी आफूलाई सफल मानिस साबित गर्न आत्मविश्वासी बन्नुपर्छ । आत्मविश्वासी बन्न प्रत्येक व्यक्तिमा साहस, धैर्य र सकारात्मक सोच चाहिन्छ । मानिसको जीवनमा अनेक समस्याहरू आइपर्छन् तर पनि त्यस्ता समस्याहरूको समाधान गर्न मानिस सक्षम हुनुपर्छ । आत्मविश्वास लिन सकेमा हरेक प्रकारका समस्याबाट मुक्त हुन सकिन्छ । मानिसले जीवनमा आइपर्ने कठिनाइलाई समाधान गर्न हिम्मतको साथ लिनुपर्छ । आत्मविश्वास भएमा जस्तासुकै समस्या पनि सहजै समाधान हुन्छन् । आत्मविश्वासी व्यक्ति उत्साही हुन्छ र उसको मनोबल सदा उच्च रहन्छ । यसैबाट उसको जीवन सार्थक हुन्छ तर आत्मविश्वास कमजोर भएको व्यक्ति जीवनमा आइपर्ने समस्या र अरूको दुर्व्यवहारबाट खिन्न र दुःखी हुन्छ । यसबाट उसमा नकारात्मक सोच विकास हुन्छ । नकारात्मक सोचले खराब विचारहरूको सिर्जना हुन्छ । सफलताको सबैभन्दा ठुलो शत्रु भनेकै आत्मविश्वासको कमी हो । विवेकयुक्त लगनशील आत्मविश्वासबाट मात्र असफलतालाई जित्न सकिन्छ भन्ने कुरा हरेक व्यक्तिले बुझ्नु जरुरी छ ।

**प्रश्न :**

(क) सफलता र आत्मविश्वासको सम्बन्ध कस्तो हुन्छ ?

(ख) आत्मविश्वासी बन्न के के कुरा चाहिन्छ ?

(ग) सफलताको शत्रु के हो ?

(घ) कस्तो व्यक्ति जीवनमा सुखी हुन्छ ?

**१२. तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पार्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | बाबुराम आचार्य |
| जन्मस्थान | : | ठूलो गौचरन, काठमाडौँ |
| जन्ममिति | : | वि.स १९४४ फागुन २९ गते |
| पिता | : | धर्मदत्त आचार्य |
| माता | : | शिवकुमारी |
| शिक्षा | : | बाजे पशुपति आचार्यबाट घरमै प्रारम्भिक शिक्षा प्राप्त, पछि बनारस गएर उच्च शिक्षा हासिल, |
| प्रकाशित कृतिहरू | : | पुराना कवि र कविता, तुलनात्मक सुन्दरकाण्ड (भाषा साहित्यसम्बन्धी ग्रन्थ), चीन र तिब्बतसँग नेपालको सम्बन्ध, नेपालको सङ्क्षिप्त वृत्तान्त, श्री ५ पृथ्वीनारायण शाहको |
| सङ्क्षिप्त | | जीवनी (४ खण्डमा विभाजित), प्राचीन नेपालको इतिहास (इतिहाससम्बन्धी ग्रन्थहरू), नक्षत्र तारा निरूपण (ज्योतिषसम्बन्धी), बाबुराम आचार्यका कविता (कविता- सङ्ग्रह), 'नेपालका सांस्कृतिक परम्परा' (संस्कृतिसम्बन्धी) |
| सम्मान | : | वि. सं. २००८ मा 'इतिहासशिरोमणि' उपाधिले सम्मानित, २०20 सालमा नेपाल प्रज्ञा प्रतिष्ठानका मानार्थ आजीवन सदस्य |
| योगदानहरू | - | लगभग ६ दशक लामो समयसम्म नेपाली भाषा र नेपालको इतिहाससम्बन्धी खोज अनुसन्धानमा लागेका, |
| | - | क्रूर राणाशासनको समयमा इतिहास लेख्ने जोखिम उठाएका, |
| मृत्यु | - | २०२९ साल भदौ २१ गते, काठमाडौंमा । |

(ख) छात्रवृत्ति पाएर अध्ययन गर्न पाउने विद्यार्थीहरूको सूचीमा आफ्नो नाम छनोट भएको जानकारी पाएपछि मनमा लागेका भावना समेटी मनोवाद तयार पार्नुहोस् ।

१३. तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) मधेश खाद्य भण्डार जनकपुरले नेपाल खाद्य संस्थान काठमाडौंलाई विभिन्न खाद्य सामग्रीहरू उपलब्ध गराइदिन अनुरोध गरी लेख्ने पत्र तयार गर्नुहोस् ।

(ख) विद्यालयले आयोजना गर्न लागेको अभिभावक दिवस तथा सांस्कृतिक कार्यक्रममा अतिथिहरूलाई आमन्त्रण गर्न तयार पारिने निमन्त्रणा पत्रको नमुना तयार
पार्नुहोस् ।

**१४. तल दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिप्नुहोस् :** २

मलाई मेरो देशको शिक्षामा सर्वसुलभ रूपमा सूचना प्रविधिको पहुँच पुगोस् भन्ने लाग्छ । मेरो देशमा विज्ञान र प्रविधियुक्त शिक्षाको थप खाँचो छ । विज्ञान र प्रविधियुक्त शिक्षा नपुगेका गाउँठाउँमा त्यसको पहुँच सर्वसुलभ हुनु जरुरी छ । आजको युग सूचना र प्रविधिको युग हो । शिक्षामा सूचना र प्रविधिले युगान्तकारी परिवर्तन ल्याइदिएको छ । ती परिवर्तनलाई आत्मसात् गर्न सक्ने नागरिक उत्पादनमा जोड दिने शिक्षाको खाँचो छ । आज हामी मोबाइल एप्सबाट गाडी रोक्न, चढ्न र भाडा तिर्न सक्छौँ । जहाजको टिकट काट्न र तीर्थाटन गर्न, रेलको टिकट काट्न सक्छौँ । अनलाइन कारोबार गर्न सक्छौँ, अनलाइनबाटै बैङ्क खाता खोल्न र घरमै सामान मगाउन सक्छौँ । आज जागिरका विज्ञापन अनलाइनबाटै खुल्छन् ।

**१५. तल दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

पाब्लो पिकासोका कलाकृति सिर्जना प्रवृत्तिगत दृष्टिले विविध प्रकारका छन् । स्पेनिस चित्रकार पाब्लो पिकासोद्वारा सन् १९०१ र सन् १९०४ को बिचमा सिर्जित कलाकारितालाई परिभाषित गर्न 'निलो अवधि' पदावली प्रयोग गरिन्छ । पारिवारिक तथा आर्थिक सङ्कटजन्य परिस्थितिका कारण उनमा एकप्रकारको मानसिक तनाब र असामान्य अवस्था सिर्जना भयो । यसैको प्रभावस्वरूप उनले मुख्य रूपमा निलो र निलोसँगै हरियो कठोर रङका धर्काहरूमा अन्य केही रङसमेत मिश्रित मोनोक्रोमेटिक चित्रकला प्रस्तुत गरे । समाजका गरिब र वहिष्कृतका शान्त र व्यग्र मनस्थितिलाई निलो रङका साथ जोडेर विचित्रका चित्र बनाए । एक्लोपन, गरिबी र चरम अभाव उनका चित्रकलाका विषयवस्तु बने । गरिबीले आक्रान्त महिला, दुधे बालकसँगका आमाका चित्र र दृष्टिविहीनका चित्रले उनका क्यानभासमा प्राथमिकता पाउन थाले ।

१६. तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : (४+४ = ८)

(क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन
घोटिएर सयौंपल्ट दाउरो बन्छ चन्दन
भएमा उच्च सङ्कल्प छैन केही असम्भव
सङ्कल्पैले बनेका हुन् महान् मान्छेहरू सब ।

प्रश्नहरू :

(अ) मान्छेहरू कसरी महान् बनेका हुन् ?

(आ) कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन भन्नुको तात्पर्य के हो ?

(ख) दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

चिकित्साका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धति छन् । रोग नियन्त्रणका लागि रोग रागनुपूर्व नै प्रदान गरिने स्वास्थ्य सेवा निरोधात्मक चिकित्सा हो । स्वास्थ्य स्थिति सुधार गर्न प्रदान गरिने पोषण कार्यक्रम, स्वास्थ्य शिक्षा, वातावरणीय सरसफाइ कार्यक्रम जस्ता सेवा प्रवर्धनात्मक स्वास्थ्य सेवा हुन् । रोग लागेपछि निको पार्नका लागि प्रदान गरिने स्वास्थ्य सेवालाई उपचारात्मक स्वास्थ्य सेवा भनिन्छ । उपचारात्मक स्वास्थ्य सेवाका पनि आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पद्धतिबाहेक होमोप्याथिक, प्राकृतिक चिकित्सा, योग चिकित्सा, मनो चिकित्सा, अकुप्रेसर, युनानी चिकित्सा जस्ता अनेकौं उपचार पद्धति पनि रहेका छन् ।

प्रश्नहरू :

(अ) चिकित्सा क्षेत्रमा कस्ता कस्ता उपचार पद्धतिहरू रहेका छन् ?

(आ) निरोधात्मक चिकित्सा र प्रवर्धनात्मक स्वास्थ्य सेवाका बिचमा के भिन्नता रहेको छ ?

१७. यदि तपाईं 'घरको माया एकाङ्कीकी पात्र बतासे हुनुभएको भए काम र दामका लागि बिदेसिनेहरूलाई कसरी स्वदेश फर्काउनुहुन्थ्यो, तार्किक उत्तर दिनुहोस् । ४

१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् : ४

(क) शङ्काको डोरीमा पिङ खेल्नु नादानी हो ।

(ख) सबै पर्खाइको पछिल्तिर मेरा सयौं सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् ।

**१९. तलका कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** ७

**(क) दिइएको कवितांश पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

समय, जहाँ घडीले हैन कुखुराको भालेले बताउने गर्छ
परदेश गएकाहरूको कुशल मङ्गल
जहाँ अगेनामा नुन पड्काएर अन्दाज गर्न सकिन्छ
विज्ञानको पनि बेग्लै ढङ्ग छ गाउँमा
र आङमा घाम लाग्ने नलाग्ने कुराको ठेगान
बारीको उब्जाउ हेरेर यकिन गर्न सकिन्छ
यो मेरो देशको सुदूर पूर्वको गाउँ !
यो मेरो देशको सुदूर पश्चिमको गाउँ !

**प्रश्न :**

(अ) अझै पनि नेपाली समाजलाई चेतनाको दियोले किन सिँगार्न सकिएको छैन, 'गाउँमाथि एउटा कविता'को माथिको अंशलाई समेत आधार बनाएर विवेचना गर्नुहोस् ।

**(ख) दिइएको जीवनीको अंश पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

नेपालको एउटा दुर्गम ठाउँमा जन्मिएका रुइत अहिले विश्वभर चर्चाको शिखरमा छन् । उनको जीवनीमा आधारित भएर धेरै वृत्तचित्र बनेका छन् । वि.सं. २०६८ मा इटालियन निर्देशक स्टिफानो लेभीले 'आउट अफ डार्कनेस' नामक वृत्तचित्र रुइतको जीवनीका आधारमा बनाएका थिए । उनको सम्मानमा न्युयोर्क टाइम्सले "पाँच मिनेटमै आँखा नदेख्नेलाई आँखा देखाउने डाक्टर भनेर लेखेको थियो ।

**प्रश्न**

**(अ) आँखा उपचारका क्षेत्रमा सन्दुक रुइतले दिएका योगदानका बारेमा समीक्षा गर्नुहोस् ।**

**२०. तलका मध्ये कुनै एक शीर्षकमा कम्तीमा १५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** ७

(क) मेरो देश : मेरो गौरव

(ख) विद्युतीकरण र उद्योग

(ग) सामाजिक सञ्जालको सदुपयोग

समाप्त